# स्थानीय राजपत्र

**झापा, १ नं प्रदेश नेपाल**

कचनकवल गाउँपालिकाद्वारा प्रकाशित

झापा, १ नं प्रदेश, नेपाल, असार २७ गते २०७८ साल

## भाग १

**कचनकवल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**स्थानीय सरकार संचालन ऐन**

**२०७४ को दफा १०२ को उपदफा (१) बमोजिमको कचनकवल गाउँपालिकाको गाउँसभाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ |**

## संवत् २०७८ को कचनकवल गाउँपालिकाको लघु तथा घरेलु उद्योग दर्ता कार्यविधि

# कचनकवल गाउँपालिकाको लघु तथा घरेलु उद्योग दर्ता कार्यविधि २०७८

गाउँसभाबाट पारित मिति- २०७८।०३।२७
राजपत्रमा प्रकाशित मिति- २०७८।०४।०१

## कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता, नवीकरण तथा तत् सम्बन्धी अन्य व्यवस्था गर्नका लागि बनेको कार्यविधि

**प्रस्तावना :** नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ले स्थानीय तहलाई दिएको अधिकार प्रयोग गर्दै कचनकवल गाउँपालिका भित्र एक वा एकभन्दा बढी उद्देश्य लिई व्यापार व्यवसाय गर्न चाहने नीजि व्यक्ति वा साझेदारलाई लघु तथा घरेलु उद्योग दर्ता गरी व्यापार व्यवसाय गर्न पाउने संवैधानिक अधिकारको रक्षा गदै औद्योगीकरणको प्रकृयालाई गतिशिल र सुदृढ गर्दै परम्परागत सीप र प्रविधिको प्रवर्द्धन गर्नुका साथै व्यावसायिक जनशक्ति उत्पादन तथा रोजगारीका अवसरहरु सिर्जना गरी देशको आर्थिक विकासमा योगदान पुऱ्याई स्वदेशी श्रम, सीप, साधन, कच्चा पदार्थ र स्थानीय श्रोतको व्यावसायिक उपयोग गरी परम्परागत कुटिर, लघु तथा घरेलु उद्योगहरुको विकास, विस्तार, संरक्षण तथा सम्बर्द्धन गर्न कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७७ को दफा ४९ तथा कचनकवल गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा (२) अनुसार यो कार्यविधि तयार गरिएको ।

यो कार्यविधि कचनकवल गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता कार्यविधि २०७८" रहेको छ ।
(२) यो ऐन कचनकवल गाउँपालिकाको राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा -
(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्दछ ।
(ख) "उद्योग" भन्नाले यस कार्यविधि वा प्रचलित कानून बमोजिम निजी तथा साझेदारी उद्योग दर्ता भई सञ्चालनमा रहेका वस्तु उत्पादन गर्ने वा सेवा प्रवाह गर्ने उद्योग

सम्झनु पर्छ र सो शब्दले उद्योग र उद्योगसँग सम्बन्धीत घर, जग्गा, कारखाना र गोदाम समेतलाई जनाउँछ ।

(ग) "लघु उद्यम" भन्नाले यस कार्यविधिको दफा १३ को दफा १ (क) अनुसार परिभाषित गरेको बमोजिम उद्योगलाई सम्झनु पर्छ ।

(घ) " घरेलु उद्योग" भन्नाले यस कार्यविधिको दफा १३ को दफा १ (ख) अनुसार परिभाषित गरेको उद्योललाई सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले प्रदेश नं. १ लाई सम्झनु पर्छ ।

(च) "व्यापार" भन्नाले प्राकृतिक वस्तु वा उद्योगबाट उत्पादित वा निर्मित वस्तु वा सेवा खरिद विक्री वा विनिमयका लागि उद्योगले गर्ने व्यापार तथा वाणिज्य अन्तर्गतको क्रियाकलाप वा कारोवार सम्झनुपर्छ ।

(छ) "व्यवसाय" भन्नले उद्योग, व्यापार वा वाणिज्य सम्वन्धी पेशा वा व्यवसायलाई समेत जनाउँदछ ।

(ज) "व्यापार व्यवसाय" भन्नाले यस ऐन र प्रचलित कानून बमोजिम स्थापना गरिएको उद्योगले गर्ने व्यापार वा वाणिज्य सम्बन्धी व्यवसायलाई सम्झनुपर्छ ।

(झ) "गाउँपालिकाले तोकेको अधिकारी वा निकाय" भन्नाले वाणिज्य, आपूर्ति तथा उद्योगसँग सम्बन्धीत उद्योगको विषय हेर्ने अधिकारी वा निकायलाई सम्झनुपर्छ ।

(ञ) "साझेदारी उद्योग" भन्नाले एकाघर संगोलका अंशियारहरु वाहेकका व्यक्तिहरुले एउटै नाम राखि घाटा वा नाफाको मुनासिब वितरण हुने गरी सवै साझेदारले प्रत्येक साझेदारका लागि वा कुनै साझेदारले सवै साझेदारका लागि सबै कारोबारमा भाग लिन आपसमा सम्झौता गरी यस ऐन बमोजिम गाउँपालिकाले तोकेको अधिकारी वा निकायमा दर्ता गराएको कुनै उद्योग सम्झनुपर्छ । सो शब्दले सम्झौता गर्ने व्यक्तिहरुलाई एक अर्काको सम्बन्धमा साझेदार र सबै साझेदारलाई सामूहिक रुपले उद्योग र जुन एक नामबाट कारोबार चल्छ सोलाई समेत उद्योग भनी वुझ्नु पर्दछ ।

(ट) "गाउँपालिका" भन्नाले कचनकवल गाउँपालिकालाई सम्झनुपर्छ ।

(ठ) "गाउँपालिका अध्यक्ष" भन्नाले कचनकवल गाउँपालिकाको गाउँपालिका अध्यक्ष सम्झनु पर्छ ।

(ड) "गाउँपालिका उपाध्यक्ष" भन्नाले कचनकवल गाउँपालिकाको गाउँपालिका उपाध्यक्ष सम्झनु पर्छ ।

(ढ) "कार्यलय प्रमुख" भन्नाले कचनकवल गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत भनि सम्झनु पर्छ ।

(ण) "शाखा" भन्नाले कचनकवल गाउँपालिकाको उद्योगसँग सम्बन्धीत उद्योगको विषय हेर्ने शाखालाई सम्झनु पर्छ ।

(थ) "संस्था" भन्नाले फर्म, कम्पनी, उद्योग बाहेक प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम स्थापना भएको निजि, सहकारी, सरकारी, गैरसरकारी संस्था सम्झनुपर्छ ।

(द) "स्थिर पूँजी" भन्नाले दफा १४ बमोजिम सम्पति सम्झनु पर्छ ।

## परिच्छेद - २

## उद्योग दर्ता तथा नविकरण सम्बन्धी व्यवस्था

३. **निवेदन दिनुपर्ने :-** (१) कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७८ बमोजिम लघु तथा घरेलु उद्योग स्थापना गर्न चाहने व्याक्तिले तोकिए बमोजिमको विवरण र कागजात एवम् तोकिएको दस्तुर सहित अनुसूचि १ निवेदन क फारममा उद्योग दर्ताको लागि गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँच वुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको नदेखिएमा गाउँपालिकाले नपुग विवरण वा कागजात पेश गर्न बढीमा साठि दिनको अवधि तोकी निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ ।

४. **निवेदन अस्वीकृत गर्न सक्ने :-** (१) दफा (३) को उपदफा (२) बमोजिम माग गरेको विवरण वा कागजात निवेदकले पेश नगरेमा वा कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७८ तथा यो कार्यविधि बमोजिमको प्रक्रिया पूरा भएको नदेखिएमा वा उद्योग दर्ता गर्न नमिल्ने भएमा गाउँपालिकाले आधार र कारण खुलाई उद्योग दर्ताको निवेदन अस्वीकृत गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्वीकृत गर्ने निर्णय भएकोमा निर्णय भएको मितिले सात दिन भित्र आधार र कारण खुलाई सोको लिखित जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

५. **उद्योग दर्ता गर्ने प्रकृया :-** (१) कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७८ अनुसार गाउँपालिकाको क्षेत्र भित्र नीजि वा साझेदारी लघु तथा घरेलु उद्योगहरु प्रचलित कानुन बमोजिम रितपुर्याई गाउँपालिकाबाट दर्ता गर्न सकिने व्यावस्था गरिएको छ ।

६. **<u>नीजि उद्योग दर्ता प्रकृया :-</u>** (१) कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७८ अनुसार कुनै एक व्यक्ति विशेषले कुनै उद्योग एकलौटी स्वामित्वमा दर्ता गर्न चाहेमा निम्न लिखित कागजातहरु सहित अनुसूचि १ बमोजिमको ढाँचामा गाउँपालिकामा रितपूर्वक दरखास्त दिनु पर्नेछ । यसरी दरखास्त प्राप्त भए पछि गाउँपालिकाले प्रत्यायोजित अधिकार भित्र रही पूँजीको आधारमा लाग्ने दर्ता दस्तुर दाखिला गर्न लगाई उद्योग दर्ता गरी अनुसूची ४ मा उल्लेखित ढाँचामा नीजि लघु तथा घरेलु उद्योग दर्ता प्रमाणपत्रमा समेत उद्योगले पालना गर्नु पर्ने शर्तहरु उल्लेख गरी उद्योग दर्ता प्रमाणपत्रका साथै अनुसूची ५ बमोजिमको ढाँचाको पत्र समेत दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम नीजि उद्योग दर्ता गर्नका लागि आवश्यक कागजातहरु

- अनुसूची १ बमोजिमको दरखास्त क फारम निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्र ।
- सम्वन्धित वडाको सिफारिस पत्र ।
- आफ्नो जग्गा धनि प्रमाण पुर्जा वा भाडाको घर जग्गा भएमा भाडा सम्झौता र जग्गाधनि पूर्जा /मन्जिुरीनामा/जग्गाको नक्सा
- पासपोर्ट साइजको फोटो २ प्रति ।
- निवेदन दस्तुर बापत रु १००।- तिरेको रसिद ।
- दरखास्त फारम चेकलिष्ट अनुसूचि २ ।
- दरखास्त फारम स्कीम अनुसूचि ३ ।

७. **<u>साझेदारी उद्योग दर्ता प्रकृया :-</u>** (१) कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७८ अनुसार दुई वा दुई भन्दा बढी व्यक्तिहरु मिलेर लघु तथा घरेलु उद्योग संचालन गर्नको लागि साझेदारी उद्योग दर्ता गर्न सक्नेछ । साझेदारी उद्योगको रुपमा उद्योग संचालन गर्न चाहने व्यक्तिहरुले अनुसूची १ बमोजिमको ढाँचामा दरखास्त फारम साथ देहायका कागजातहरुमा साझेदारहरुले दस्तखत गरी दरखास्त दिनु पर्नेछ । यसरी दरखास्त प्राप्त भए पछि गाउँपालिकाले प्रत्यायोजित पूँजी सीमा अन्तर्गत पर्ने भए दर्ता दस्तुर दाखिला गर्न लगाई संलग्न अनुसूची ७ बमोजिमको ढाँचाको साझेदारी उद्योग दर्ता प्रमाणपत्रमा समेत उद्योगले पालना गर्नु पर्ने शर्तहरु उल्लेख गरी साझेदारी उद्योग दर्ता प्रमाणपत्रका साथ अनुसूची ६ बमोजिमको ढाँचाको पत्र समेत दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम साझेदारी उद्योग दर्ता गर्नका लागि आवश्यक कागजातहरु

- अनुसूची १ बमोजिमको दरखास्त फारम निवेदन ।
- साझेदारहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
- साझेदारहरुले आपसमा गरेको साझेदारी कबुलियतनामा ।
- सम्वन्धित वडाको सिफारिस पत्र ।
- भाडाको घर जग्गा भएमा भाडा सम्झौता / जग्गाधनि पूर्जा /मन्जिुरीनामा/जग्गाको नक्सा
- पासपोर्ट साइजको फोटो २ प्रति ।
- निवेदन दस्तुर बापत रु १००।- तिरेको रसिद ।
- दरखास्त फारम चेकलिष्ट अनुसूचि २ ।
- दरखास्त फारम स्कीम अनुसूचि ३ ।

८. **नीजि उद्योग नवीकरण :-** (१) कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७८ बमोजिम लघु तथा घरेलु उद्योग दर्ता अवधि पछि नवीकरण गर्नु पर्नेछ ।

(२) दफा (६) बमोजिम तोकिएको दस्तुर तिरी दर्ता भएको नीजि उद्योग दर्ता भएको मितिले ५ बर्षसम्मको लागि वहाल रहने छ ।

(३) उपदफा (२) बमोजिम उक्त म्याद समाप्त भएको मितिले ३५ दिन भित्र नवीकरण गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम नवीकरणको अवधि २ वर्षको हुनेछ ।

(५) जुनसुकै उद्योगको दर्ता वा नवीकरणको वहाल अवधि समाप्त भएपछि पुन : नविकरणको लागि ३५ दिनको अवधी रहनेछ ।

(६) उपदफा (५) बमोजिम नवीकरण नगराएमा तोकिएको दस्तुर सहित रु १० लाखसम्म पूँजी भएको नीजि उद्योगले प्रत्येक वर्षको लागि रु ५००।- का दरले र रु १० लाखदेखि रु २० लाखसम्म पूँजी भएको नीजि उद्योगले प्रत्येक वर्षको लागि रु १०००।- का दरले जरिवाना तिरी त्यस्तो नीजि उद्योग नवीकरण गरी दिन सक्नेछ ।

९. **साझेदारी उद्योग नवीकरण :-** (१) साझेदारी फर्म जुन आ.व. मा दर्ता गरेको हो सो आ.व. को अषाढ मसान्तसम्म वहाल रहने हुँदा म्याद समाप्त हुनु अगावै आगामी वर्षको लागि नविकरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम म्याद नाघेको ३५ दिन भित्र नवीकरण गर्न आएमा नवीकरण दस्तुर मात्र र म्याद नाघेको ३५ दिन पछि नवीकरण गर्न आएमा साझेदार रु ५०।- का दरले जरिवाना समेत र २ वर्ष वा सो भन्दा बढी समयको लागि नवीकरण गर्नु परेमा प्रति साझेदार प्रति वर्ष रु ५०।- का दरले जरिवाना र पूँजी अनुसारको पुन : दर्ता शुल्क समेत लिई साझेदारी उद्योग नवीकरण गरिने छ ।

१० **उद्योग नवीकरणका लागि अवाश्यक कागजात:-** (१) दफा (८) र (९) अनुसार नवीकरणका लागि अवाश्यक कागजातहरु

- नवीकरणका लागि तोकिएको ढाँचाको निवेदन,
- उद्योग दर्ताको सक्कल प्रमाणपत्र,
- अघिल्लो आ.व.को कर तिरेको निस्सा,

११. **रजिष्ट्रेशन, नवीकरण दस्तुर :-** कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७८ अनुसार उद्योग दर्ता तथा नविकरण गर्दा पूँजीको आधारमा देहाय बमोजिमको दर्ता दस्तुर राजस्व खातामा दाखिला गर्नु पर्नेछ । पहिले नीजि उद्योगको रुपमा दर्ता भएको उद्योग साझेदारी उद्योगको रुपमा वा पहिले साझेदारी उद्योगको रुपमा दर्ता भएको उद्योग नीजि उद्योगको रुपमा दर्ता परिवर्तन गर्नु पर्ने भएमा कूल पूँजी लगानीको आधारमा नयाँ उद्योग दर्ता दस्तुर सरह पूरै राजस्व वुझाउन लगाउनु पर्नेछ ।

**उद्योग दर्ता र नविकरण दस्तुर (नीजि उद्योग)**

| सि.नं. | कूल पूँजी लगानी | रजिष्ट्रेशन | नविकरण |
|---|---|---|---|
| १ | एक लाख रुपैयाँसम्म | ५००।- | ३००।- |
| २ | एक लाख एक रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म | १०००।- | ५००।- |
| ३ | तीन लाख एक रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म | १५००।- | ७००।- |

| | | | |
|---|---|---|---|
| ४ | पाँच लाख एक रुपैयाँदेखि दश लाख रुपैयाँसम्म | २०००।- | १०००।- |
| ५ | दश लाख एक रुपैयाँदेखि विस लाख रुपैयाँसम्म | ३०००।- | १५००।- |

**उद्योग दर्ता र नविकरण दस्तुर (साझेदारी उद्योग)**

| सि.नं. | कूल पूँजी लगानी | रजिष्ट्रेशन | नविकरण |
|---|---|---|---|
| १ | एक लाख रुपैयाँसम्म | ५००।- | १००।- |
| २ | एक लाख एक रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म | ८००।- | १२५।- |
| ३ | तीन लाख एक रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म | १०००।- | १५०।- |
| ४ | पाँच लाख एक रुपैयाँदेखि दश लाख रुपैयाँसम्म | १५००।- | २००।- |
| ५ | दश लाख एक रुपैयाँदेखि विस लाख रुपैयाँसम्म | २०००।- | २५०।- |

१२. **पेश गर्ने र स्वीकृत गर्ने :-** (१) उद्यमीले आवश्यक कागजात संलग्न राखि सम्बन्धित फाँटवालामा पेश गर्नु पर्नेछ ।

(२) सम्बन्धित फाँटवालाले प्रमुख प्रशासकिय अधिकृत समक्ष सवै कागजात पेश गर्नु पर्नेछ ।

(३) प्रमुख प्रशासकिय अधिकृतबाट सवै कागजात प्राप्त भएको मितिले दर्ताको हकमा २१ दिन भित्र स्वीकृत गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## उद्योगको वर्गीकरण तथा स्थिर पूँजी

१३. **उद्योगको वर्गीकरण :-** (१) यस कार्यविधि प्रयोजनको लागि उद्योगहरुको वर्गीकरण देहाय बमोजिम गरिएको छ ।

**(क) लघु उद्यम :-** देहायको शर्तहरु पूरा गरेको खास गरी कृषि, वन, पर्यटन तथा खानी र हस्तकलामा आधारित उद्योग व्यवसाय वा अन्य सेवा भएको उद्योगलाई लघु उद्यम मानिनेछ :

(१) घर जग्गा बाहेक बढीमा बीस लाख रुपैयासम्मको स्थिर पूँजी रहेको,

(२) उद्यमी र निजको एकासंगोलको परिवारका सदस्य स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) बार्षिक कारोबार पचास लाख रुपैयाँ भन्दा कम रहेको,

(५) इन्जिन उपकरण प्रयोग हुने भएमा त्यस्तो इन्जिन वा उपकरणको विद्युत मोटर तथा अन्य तेल इन्जिन शक्ति क्षमता २० किलोवाट भन्दा कम भएको,

**स्पष्टिकरण :-** माथि उल्लेखित शर्तहरु पुरा गरेता पनि अनुमति लिनु पर्ने उद्योग, व्यवसाय, मदिरा, वियर, चुरोट, विडी वा अन्य सूर्तीजन्य वस्तु उत्पादन वा प्रयोग हुने व्यवसायलाई लघु उद्यम मानिने छैन । त्यस्तै गरी एक पटक लघु उद्यम व्यवसायको रुपमा दर्ता भएको उद्योगले अन्य उद्योगका रुपमा स्तरोन्नती गरेमा सो उद्यम लघु उद्यमको वर्गमा रहने छैन ।

**(ख) घरेलु उद्योग :-** देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ ।

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रम मूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा बिस किलोवाटसम्मको क्षमताको विद्युतीय उर्जा प्रयोग गरेको,

(४) चुरोट, विडी, सिगार, खाने सुर्ति र खैनी र सुर्ति मुख्य कच्चा पदार्थ हुने यस्तै प्रकारका अन्य वस्तु उत्पादन गर्ने उद्योग, मदिरा वा

बियर उत्पादन गर्ने उद्योगको स्थिर जेथा दुई लाख रुपैया मात्र भए पनि घरेलु तथा कुटीर उद्योग अन्तर्गत पर्ने छैनन् ।

(५) अनुसूची - ८ मा उल्लेख भएका तर तोकिए बमोजिम सम्मको स्थिर पूँजी भएका उद्योगहरु ।

१४. **उद्योगको स्थिर पूँजी :-** (१) यस कार्यविधिको प्रयोजनको लागि उद्योगको स्थिर पूँजीको मूल्याङ्कन गर्दा देहायको सम्पत्तिलाई आधार मानी मुल्याङ्कन गरिनेछ,

(क) जमिन तथा जमिनमुनी (अन्डरग्राउण्ड), अन्तरिक्ष, जल वा जलमुनि निर्माण वा सुधार भएका भौतिक संरचना,

(ख) जमिन माथि निर्माण भएका भौतिक संरचना (जस्तै : ढल निकास, आन्तरिक सडक, खानेपानीका संरचना, पानी आपूर्ति गर्ने प्रणाली)

(ग) उद्योगको कार्यालय, कारखाना, भवन वा गोदाम घर,

(घ) कर्मचारी वा कामदारका लागि निर्माण भएको आवास भवन,

(ङ) विद्युत आपूर्ति तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली,

(च) परिबहनका साधन,

(छ) मेसिनरी, उपकरण, औजार तथा तिनका जगेडा पार्टपूर्जा,

(ज) पूँजीगत प्रकृतिका कार्यालय सामाग्री तथा उपकरण,

(झ) फिक्स्चर तथा फर्निचर, कम्प्यूटर, सिसि क्यामेरा,

(ञ) सञ्चार सामाग्री तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली ।

(२) उपदफा (१) मा उल्लिखित सम्पत्तिका अतिरिक्त उद्योग स्थापना हुनु भन्दा अघि वा निर्माणको विभिन्न चरणमा भएको देहायका खर्चलाई पनि उद्योगको स्थिर पूँजीको रुपमा मूल्याङ्कन गरिनेछ :

(क) पूँजीकृत गरिने प्राविधिक तथा सुपरिवेक्षण वा परामर्श खर्च,

(ख) पूर्व लगानी तथा पूर्व सञ्चालन खर्च,

(ग) पूँजीकृत हुने ब्याज खर्च,

(घ) उद्योग सञ्चालन पूर्वको वातावरणीय अध्ययन र अनुसन्धान खर्च ।

## परिच्छेद - ४

## उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि र उद्देश्य थप वा परिवर्तन, नामसारी, ठाउँसारी तथा दर्ता खारेजी गर्दा स्वीकृत लिनुपर्ने

१५. **उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि र उद्देश्य थप वा परिर्वन :-** (१) साविकको उद्योगले आफ्नो विद्यमान पूँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गर्न चाहेमा सोको स्वीकृतका लागि गाउँपालिका समक्ष आवश्यक कागजात संलग्न राखि पेश गर्नु पर्नेछ।

आवश्यक कागजातहरु

- पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप वा परिवर्तन गर्नु पर्ने कारण सहित निवेदन,
- शंसोधित क फारम
- वडाको सिफारिस,
- संशोधित स्किम,
- सक्कलै प्रमाण पत्र,
- निवेदन दस्तुर वापत रु १००।- वुझाएको रसिद तथा भौचर ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचवुझ गरी गाउँपालिकाले तोकिए बमोजिमको प्रकृया पूरा गरी त्यस्तो उद्योगको पूँजी वृद्धि गर्न, क्षमता वृद्धि गर्न, क्षमता वृद्धि गर्न, उद्देश्यमा थप, परिवर्तन वा हेरफेर गर्न साठी दिन भित्र स्वीकृत दिई दर्ता प्रमाणपत्रमा व्यहोरा जनाउनु पर्नेछ ।

(३) यस दफाको प्रयोजनका लागि कुनै उद्योगले साविकमा जडित यन्त्र उपकरणमा फेरबदल नगरी व्यवस्थापकीय दक्षता अभिवृद्धि गरी प्रक्षेपित उत्पादन भन्दा बढी उत्पादन गरेकोमा क्षमता वृद्धि गरेको मानिने छैन ।

१६. **नामसारी :-** (१) साविकको उद्योगधनी वा साझेदारहरु वा शेयरधनीको नामबाट अर्को व्यक्ति वा साझेदार वा शेयरधनीको नाममा नामसारी (स्वामित्व परिवर्तन) गर्न चाहेमा देहायका कागजातहरु सहित गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

आवश्यक कागजातहरु :

- नामसारी गरी लिन चाहने व्यक्तिको निवेदन,
- दरखास्त फारम क
- सम्वन्धित वडाको सिफारिस,
- साविकवालाले गरी दिएको नामसारीपत्र,

- उद्योग दर्ता प्रमाणपत्र,
- नामसारी गरी लिनेको नागरिकताको प्रतिलिपि,
- नामसारी पत्रमा सनाखत गर्न स्वंयम उपस्थित हुन नसकेको अवस्थामा अधिकृत वारेशनामा वा अन्य कुनै सरकारी कार्यालयको रोहवरमा भएको सनाखत ।
- नामसरी दस्तुर बापत रु १००।- राजश्व बुझाएको रसिद ।

(२) उपरोक्त कार्यहरु सम्पूर्ण कागजात प्राप्त भएको मितिले ७ दिन भित्र गरिने छ ।

(३) गाउँपालिकाले नामसारी सम्बन्धमा उजुरी परे नपरेको हेरी बुझी उजुरी नपरेको भए नामसारी दस्तुर दाखिला गर्न लगाई उद्योगको नामसारी वा स्वामित्व परिवर्तन गर्न सक्नेछ ।

(४) नामसारी गर्दा साविकवालाले गरी दिएको नामसारीमा साविकवाला स्वयं गाउँपालिकामा उपस्थित भै सनाखत समेत गर्न लगाउनु पर्नेछ ।

१७. **ठाउँसारी :-** (१) दर्ता भएको उद्योग एक स्थानबाट अर्को स्थानमा राख्ने गरी ठाउँसारी गर्न देहायको कागजात संलग्न राखि गाउँपालिकामा निवेदनमा दिनु पर्नेछ ।

आवश्यक कागजातहरु

- ठाउँसारी गर्नु पर्नेको कारण सहितको निवेदन
- दरखास्त फारम क
- सम्वन्धित वडाको सिफारिस,
- उद्योग दर्ता प्रमाणपत्र,
- नागरिकताको प्रतिलिपि,

(२) उपरोक्त कार्यहरु सम्पूर्ण कागजात प्राप्त भएको मितिले ७ दिन भित्र गरिने छ ।

१८. **उद्योग बन्द गरेमा जानकारी दिनुपर्ने :-** (१) कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७८ बमोजिम दर्ता भएको उद्योग सम्बन्धित उद्योगीले कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यवसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले तीस दिन भित्र त्यसको जानकारी गाउँपालिकालाई दिनु पर्नेछ ।

(२) उद्योगको उत्पादन वा कारोबारमा कुनै अवरोध वा वाधा उत्पन्न भएमा उद्योगले गाउँपालिकालाई जानकारी गराएमा सोको निवारणका लागि गाउँपालिकाले आवश्यक पहल र सहजिकरण गरी अवरोध हटाउन आवश्यक कार्य गर्नेछ ।

(३) उपदफा (१) बमोजिम बन्द वा स्थगन भएको उद्योग पुन : सञ्चालनमा आएमा संचालनमा आएको एक महिना भित्र गाउँपालिकालाई जानकारी दिनु पर्नेछ ।

१९. **उद्योग दर्ता खारेज गर्न निवेदन दिन सकिने :-** (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि गाउँपालिका समक्ष तोकिए बमोजिमको विवरण वा कागजात सहित तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा गाउँपालिकाले सम्बन्धित उद्योगले गाउँपालिकालाई वुझाउन पर्ने कर र दायित्व फरफारक गरेको देखिएमा तोकिए बमोजिमको प्रकृया पुरा गरी गाउँपालिकाले खारेजी गरिदिनु पर्नेछ र त्यसरी गरिएको दर्ता खारेजीको जानकारी सम्बन्धित निवेदक र सवै सरोकारवालालाई दिनु पर्नेछ ।

२०. **अभिलेख व्यवस्थित गर्नुपर्ने :-** (१) उद्योग दर्ता, नविकरण, नामसारी, नाम परिवर्तन, क्षमता वृद्धि, पूँजी वृद्धि, उद्देश्य थप वा परिवर्तन वा उद्योग खारेजी लगायतका उद्योग प्रशासनसँग सम्बन्धित अभिलेख सुरक्षित राख्ने दायित्व गाउँपालिकाको ............ शाखाको हुनेछ ।

(२) कुनै उद्योग वा त्यस्तो उद्योगमा स्वामित्व भएको व्यक्तिले आफूसँग सम्बन्धित उद्योगको उपदफा (१) बमोजिमको कागजात वा अभिलेख आवश्यक भएको खण्डमा तोकिए बमोजिमको ढाँचामा गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन पर्न आएमा गाउँपालिकाले तोकिएको दस्तुर लिई अभिलेख प्रमाणित गरी तत्काल उपलब्ध गराउनु पर्नेछ ।

(४) कुनै कारणले गाउँपालिकामा रहेको अभिलेख नष्ट भएमो वा फेला पर्न नसकेको अवस्थामा गाउँपालिकाले सरोकारवालाले पेश गरेका अन्य कागजातलाई आधार मानी अभिलेख कायम गरी उपदफा (३) बमोजिमको प्रतिलिपि तत्काल उपलब्ध गराउनु पर्नेछ ।

(५) गाउँपालिकाले उपदफा (४) बमोजिम प्रतिलिपि जारी गरे पश्चात सो उद्योगको अभिलेख सम्बन्धि विवरण पछि अन्यथा प्रमाणित हुन आएमा उद्योग दर्ता गर्ने निकायले निर्णय गरी त्यस्तो प्रतिलिपि रद्ध गर्नु पर्नेछ ।

(६) गाउँपालिकामा रहेको कुनै उद्योगसँग सम्बन्धित कागजात वा अभिलेख सम्बन्धित उद्योग वा त्यस्तो उद्योगमा स्वामित्व भएको व्यक्ति वा त्यस्तो व्यक्तिसँग सरोकार राख्ने अन्य व्यक्ति वा निकाय बाहेक अन्य व्यक्ति वा निकायले त्यस्तो कागजात प्राप्त गर्न सक्ने छैनन् ।

**परिच्छेद - ५**

**उद्योग खारेजी र प्रकृया**

२१. **उद्योग खारेजी :-** कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७७ अनुसार दर्ता भएको उद्योगहरु देहायको अवस्थामा गाउँपालिकाले खारेज गर्न सक्नेछ ।

(क) उद्योग व्यवसाय सम्बन्धी कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७८ र यस कार्यविधि अनुसार तोकिएको अवधि भित्र नविकरण नगराएमा ।

(ख) उद्योगको धनि तथा साझेदारीहरुले मनासिव कारण दर्शाई आफ्नो उद्योग खारेज गरी पाउँ भनि गाउँपालिकामा निवेदन दिएमा ।

(ग) कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७८ बमोजिम दर्ता भएको उद्योगलाई गाउँपालिकाले त्यस्तो उद्योगको हिसाबको विवरण माग गर्दा सम्बन्धित उद्योगले तोकिएको अवधि भित्र सो विवरण पेश नगरेमा ।

(घ) उद्योग सम्बन्धित उद्योगले कार्य संचालन गरी गाउँपालिकालाई जानकारी दिई वा नदिई उद्योग बन्द गरेमा ।

(ङ) कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७७ तथा यस कार्यविधिको नियम विपरित हुने गरी अन्य कुनै कार्य गरेमा ।

(च) दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तहरु पालना नगरेमा ।

(छ) माथि उल्लेखित उपदफा (क), (ख), (ग), (घ), (ङ) र (च) बमोजिम गाउँपालिकाले उद्योग खारेज गर्नु अघि सम्बन्धित उद्योगलाई सफाइको सवुद पेश गर्ने उचित अवसर दिनु पर्नेछ ।

२२. **महिला तथा दलित उद्यमीका लागि थप सुविधा :-** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला तथा दलितको मात्र स्वामित्व रहेन गरी उद्योग दर्ता गराएमा

त्यस्तो उद्योग दर्ता गर्दा यस ऐन बमोजिम अधिकतम स्थिर पुँजी रु दश लाखसम्म भएको उद्योगमा लाग्ने दस्तुर वा शुल्कमा पचास प्रतिशत छुट हुनेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिलाको मात्र स्वामित्व रहने गरी दर्ता भएको उद्योगमा पच्चीस प्रतिशत छुट हुनेछ ।

(३) प्रचलित कानून अनुसार गाउँपालिकाबाट वितरण गरिने सेवा, सुविधाको वितरणमा महिला उद्यमिलाई प्राथमिकता दिनु पर्नेछ ।

## अनुसूचि १

**(दफा ६ र ७ सँग सम्बन्धित)**

### उद्योग दर्ताको निवेदन फारम

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,
कचनकवल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा

**महोदय,**

निम्न लिखित विवरण बमोजिमको उद्योग स्थापना गर्न यो निवेदन गरेको छु/ गरेका छौ । पेश गरिएको विवरण ठीक छ । झुठ्ठा ठहरेमा प्रचलित कानून बमोजिम सहुँला बुझौउँला ।

**१. उद्योगको नाम :-**

**२. उद्देश्य :-**

**३. उद्योग रहने स्थान :-**

(क) प्रदेश नं. :- १ (ख) जिल्ला :- (ग) गाउँपालिका:- (घ) वडा नं. :- (ङ) गाउँ :- (च) कि.नं. :-

**४. उद्योगको स्तर :- (√ चिन्ह लगाउने)**

(क) लघु ( ) (ख) घरेलु ( )

**५. उद्योगको कानूनी रुप :- (√ चिन्ह लगाउने)**

(क) नीजि ( ) (ख) साझेदारी ( )

**६. पूँजी लगानी :-**

(क) स्थिर पूँजी मूल्य कैफियत

जमीन :-

भवन :-

मेशिन औजार :-

फर्निचर फिक्स्चर :-



स्थानीय राजपत्र

अन्य :-

जम्मा :-

(ख) चालु पूँजी :-

(ग) कूल पूँजी :-

**६.१. पूँजी तथा क्षमता वृद्धि भए (पूँजी वृद्धिको लागि)**

| स्थिर पूँजी | जमिन | भवन मेसीन औजार | अन्य | जम्मा |
|---|---|---|---|---|
| **साविक** | | | | |
| **प्रस्तावित** | | | | |

कूल पूँजी रु (१) स्थिर पूँजी रु

(२) चालु पूँजी रु

**७. उद्योगबाट हुने उत्पादन/सेवाको विवरण :-**

| वस्तु उतपादन /सेवा इकाई | वार्षिक क्षमता | मुल्य |
|---|---|---|
| (१) | | |
| (२) | | |
| (३) | | |
| (४) | | |

**७.१ उद्योगबाट हुने उत्पादन/सेवाको विवरण वार्षिक (क्षमता वृद्धिको लागि)**

| साविक | | प्रस्तावित | |
|---|---|---|---|
| वस्तु/सेवा इकाइ | वार्षिक क्षमता | वस्तु/सेवा इकाई | वार्षिक क्षमता |
| (१) | | (१) | |
| (२) | | (२) | |
| (३) | | (३) | |
| (४) | | (४) | |

**७.२ पूँजी वृद्धि/क्षमता वृद्धिको कारण**

(१)

(२)

(३)

(४)

| **८. कच्चा पदार्थको विवरण** | **वार्षिक परिमाण** | **मुल्य** |
|---|---|---|
| (१) | | |
| (२) | | |
| (३) | | |

(४)

(५)

९. **मेशिन उपकरण**

| क.स | विवरण | संख्या | प्रति इकाई मूल्य | जम्मा मूल्य | विद्युत शक्ति ( कि.वा) | श्रोत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | जम्मा | | | | | |

१०. **जनशक्ति(लिङ्ग र संख्या):-** प्राविधिक :- अप्राविधिक :- अन्य :- जम्मा संख्या :-

११. **निवेदनको पूरा नामथर लिङ्ग** **बाबुको नाम** **बाजेको नामथर**

(१)

(२)

(३)

१२. **निवेदनको पत्राचारको ठेगाना :-**

जिल्ला :- गाउँपालिका :- वडा नं. :-

फोन नं. :- इमेल :-

१३. **सम्पर्क व्याक्तिको नाम ठेगाना र फोन नं. :-**

१४. **लोकेशन म्याप :-**

१५. **शर्तहरु पालना बारे :-**

(१) साँध सधियार र छर छिमेकलाई वाधा नपुऱ्याइ उद्योग सञ्चालन गर्नेछु ।

(२) उद्योग सञ्चालन गर्दा वातावरण प्रदुषण हुन दिने छैन ।

(३) कार्यालयले माग गरेको विवरण र तथ्याङ्कहरु मगेको वखत उपलब्ध गराउने छु ।

(४) उद्योग दर्ता किटान गरीएकै स्थानमा उद्योग सञ्चालन गर्नेछु ।

(५) उद्योग दर्ता गर्दा किटान गरीएको उद्देश्य विपरीत काम गर्ने छैन ।

(६) उद्योग सञ्चालन गर्दा बालमजदूर प्रयोग गर्ने छैन ।

(७) यसै नामबाट यस अघि अर्को उद्योग दर्ता भै सकेको देखिएमा यस उद्योगको नाम परिवर्तन गरिने छ ।

मिति :-

निवेदकको सही :-

औठाको छाप

| | |
|---|---|
| | |

**नोट :-** (१) कुनै महलमा विवरण नअटाएमा छुटै कागजमा लेखि संलग्न गर्नु होला ।

(२) यो निवेदन साथ निम्न कागजातहरु संलग्न गर्नु पर्नेछ ।

(क) सम्बन्धित व्यक्तिको नागरीकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ख) साझेदारी उद्योगको हकमा साझेदारी कबुलियतनामा ।

(ग) उद्योग आफ्नै घर/जग्गामा स्थापना हुने भए जग्गाधनी पूर्जा, भाडामा भए रितपूर्वकको भाँडा सम्झौता पत्र

(घ) उद्योगको उद्देश्य र प्रकृती हेरी अन्य थप कागजातहरु

स्थानीय राजपत्र

**अनुसूचि २**

**(दफा ६ को उपदफा २ र दफा ७ को उपदफा २ सँग सम्बन्धित)**

**दर्ता सम्वन्धि चेक लिष्ट**

| क.स | विवरण | नतिजा Outcome | | |
|---|---|---|---|---|
| | | छ | छैन | आवश्यक नभएको |
| १ | नेपाली नागरीकताको प्रमाणित प्रतिलिपि | | | |
| २ | वडाको सिफारिस पत्र | | | |
| ३ | उद्योग दर्ता क फारम (रितपूर्वक भरेको) | | | |
| ४ | साझेदारी उद्योगको हकमा साझेदारी कवुलियतनामा | | | |
| ५ | गाउँपालिकाको क्षेत्रमा स्थापना गर्न पाईने हो, होइन ? | | | |
| ६ | अन्तराष्ट्रिय सीमानादेखिको दुरी ? | | | |
| ७ | जग्गाधनीको सम्झौता भए/नभएको | | | |
| ८ | अन्य थप आवश्यक कागजातहरु | | | |

## अनुसूचि ३
**(दफा ६ को उपदफा २ र दफा ७ को उपदफा २ सँग सम्बन्धित)**

## स्कीमको नमुना

**परियोजनाको झलक**

१) परियोजनाको नाम :-

२) ठेगाना :-

३) उत्पादन क्षमता :-

४) उत्पाद हुने वस्तु :-

५) वार्षिक काम गर्ने समय :- ( दैनिक ........... घण्टा, वार्षिक ........ दिन)

६) कूल पूँजी लगानी :-

(क) स्थिर पूँजी रु :-

(ख) चालु पूँजी रु :-

(ग) कूल पूँजी रु :-

७) वित्तीय संस्थाबाट ऋण सहयोग

(क) स्थिर पूँजीमा रु :-

(ख) चालु पूँजीमा रु :-

८. रोजगारी

(क) प्रत्यक्ष रोजगारी

(ख) अप्रत्यक्ष रोजगारी

९) ग्रस मुनाफा रु

(क) वार्षिक उत्पादन बिक्रीबाट रु :-

(ख) वार्षिक उत्पादन खर्च रु :-

१०) मूल्य अभिवृद्धि :-

स्थिर पूँजी

(क) जग्गा क्षेत्रफल :-

(ख) कारखाना घर रु :-

(ग) कार्यालय घर रु :-

(घ) गोदाम रु :-

११) मेशीनरी, औजार उपकरण रु :-

१२) फर्निचर तथा फिक्स्चर रु :-

१३) व्यवस्थापन कर्मचारी तथा अन्य अप्रत्यक्ष जनशक्ति



स्थानीय राजपत्र

(क)

(ख)

(ग)

१४. कच्चापदार्थ

(क)

(ख)

(ग)

**निवेदकको नाम,थर :-**

**दस्तखत :-**

**ठेगाना :-**

**मिति :-**

स्थानीय राजपत्र

**अनुसूचि ४**
**(दफा ६ सँग सम्बन्धित)**

**कचनकवल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बनियानी, झापा**

**आ.व. :-** **मिति :-**
**च.न. :-**

**विषय :- नीजि उद्योग दर्ता गरिएको पत्र बारे ।**

**श्री .................**

तापईले स्थिर पूँजी रु ........................... र चालु पूँजी रु .................... समेत कूल पूँजी रु ......................... लगानी गरी अन्दाजी बार्षिक रु .................. बराबरको ................. उत्पादन गर्ने उद्देश्यले कामदार .............. जवान राखी .............. प्रदेश ......... जिल्ला कचनकवल गाउँपालिका वडा नं. ......... मा उद्योग स्थापना गर्ने गरी ............................... को नामको नीजि उद्योग रजिष्ट्रेशन गरी पाउँ भनि दिनु भएको निवेदन उपर कार्यवाही हुँदा मिति ..................... को निर्णयानुसार निम्न लिखित शर्तहरु पालना गर्नु पर्ने गरी रजिष्ट्रेशन गरी दिने भनि निर्णय भएको हुँदा तपाई समेतको नाममा रजिष्ट्रेशन भएको नीजि उद्योग नं.......... को सक्कल प्रमाण पत्र यसै साथ संलग्न गरी पठाएको व्यहोरा जानकारी गराइएको छ ।

उद्योगले पाउने सुविधा तथा सहुलियतहरु कचनकवल गाउँपालिकाको लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७७ र कचनकवल गाउँपालिकाको लघु तथा घरेलु उद्योग दर्ता कार्यविधि २०७७ अनुसार हुनेछ ।

**उद्योगले पालना गर्नु पर्ने शर्तहरु :-**

१) उद्योग संचालन गर्न आवश्यक पर्ने सम्पूर्ण कच्चा पदार्थ उद्योगले स्वयं व्यवस्था गर्नु पर्नेछ ।
२) उद्योगको साइनबोर्ड र लेटरप्याडमा रजिष्ट्रेशन नम्बर अनिवार्य राख्नु पर्नेछ ।
३) नावालकलाई उद्योगको काममा संलग्न गराउन पाइने छैन ।
४) छर छिमेक कसैलाई पीर मर्का बाधा नपर्ने गरी उद्योग सञ्चालन गर्नु पर्नेछ ।
५) रात्री शिफ्ट सञ्चालन गर्नु पर्ने भएमा पूर्व स्वीकृत लिएर मात्र सञ्चालन गर्न सकिनेछ ।
६) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाटै पूर्ति गर्नु पर्नेछ ।
७) उद्योगको विस्तार, विविधिकरण वा स्तर परिवर्तन गर्दा पूर्व स्वीकृत प्राप्त गर्नु पर्नेछ ।
८) उद्योग दर्ता भएको ६ महिना भित्र उद्योग सञ्चालन हनु नसकेमा म्याद थप गराउनु पर्नेछ ।
९) उद्योग सञ्चालन गर्दा वातावरण प्रदुषण हनु नदिने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

१०) तोकिएको शर्तहरु पालना नभएकोमा वा प्रदत्त सुविधा तथा सहुलियतहरु दुरुपायोग भएको पाइएमा कचनकवल गाउँपालिकाको लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७७ र कचनकवल गाउँपालिकाको लघु तथा घरेलु उद्योग दर्ता कार्यविधि २०७७ अनुसार कार्वाही गरिने छ ।

११) उद्योलले गाउँपालिकाले मागेको विवरण समयमा उपलब्ध गराउनु पर्नेछ ।

१२) उद्योग सञ्चालन गर्दा उद्योगमा भइरहेको काम कार्वाहीलाई सडकबाट नदेखिने व्यवस्था मिलाउनु पर्नेछ ।

१३) उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित उद्देश्य विपरित कार्य गर्न पाइने छैन ।

१४) यसै नामबाट यस अघि अर्को उद्योग दर्ता भै सकेको देखिएमा यस उद्योगको नाम परिवर्तन गर्नु पर्नेछ ।

१५) माथि उल्लेखित भए अनुसारका शर्तहरु पालना नगरेमा वा गाउँपालिकाले मागेको विवरण उपलब्ध नगराएमा उद्योगले पाउने सुविधा तथा सहुलियतहरु उपलब्ध गराइने छैन ।

१६. विशेष शर्त :-

(क)

(ख)

(ग)

..........................

प्रमुख प्रशासकिय अधिकृत

**बोधार्थ :-**

स्थानीय राजपत्र

## अनुसूचि ५
**(दफा ६ सँग सम्बन्धित)**

**कचनकवल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बनियानी, झापा**

उद्योग दर्ता नं. :-
आ.व. :-

**प्रमाण पत्र**

श्री ......................... उद्योग सम्बत् २० ...... साल...... महिना ...... गते रोज ...... मा नीजि उद्योग कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७७ बमोजिम रजिष्ट्रेशन गरी यो प्रमाण - पत्र दिईएको छ ।

प्रोपाइटरको नाम :-
ठेगाना :-
उद्योगको ठेगाना :-
पूँजी रु :- स्थिर पूँजी :- चालु पूँजी :-
उद्देश्य :-
बार्षिक उत्पादन क्षमता :- परिमाणमा मूल्यमा रु
विद्युत शक्ति (किलोवाट) :-

यो कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७७ र कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता कार्यविधि २०७७ को दफा अनुसार लघु / घरेलु उद्योग दर्ता गरीएको छ ।

मिति :- सही :-
पद :-

**नवीकरण गरेको प्रमाण**

| नवीकरण गर्ने कार्यालयको नाम | नवीकरण गरेको अवधि | नवीकरण दस्तुरको भौचर नं. र मिति | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |

स्थानीय राजपत्र

| | | | |
|---|---|---|---|
| | | | |

नोट :- हालको व्यवस्था अनुसार रजिष्ट्रेशन (दर्ता) वा नवीकरण भएको नीजि उद्योगको अवधि क्रमश ५ बर्ष र २ बर्षको लागि हुनेछ । सो अवधि समाप्त हुनु अगावै उद्योग नवीकरण गनराउनु पर्नेछ । यो प्रमाणपत्रमा लेखिएको उद्देश्य बाहेकको अन्य काम गर्नु हुदैन । नवीकरण गराउन ल्याउँदा यो प्रमाणपत्र साथै लिइ आउनु पर्नेछ । यहि प्रमाणपत्रमा कचनकवल गाउँपालिकाबाट नवीकरण भएको निस्सा पाउने छ । म्याद भित्र नवीकरण नभएमा कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७७ र कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता कार्यविधि २०७७ अनुसार उद्योग खारेज हुन सक्नेछ ।

**सुविधा तथा सहुलियतहरु :-**

कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७७ र कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता कार्यविधि २०७७ अनुसार पाउने सुविधा तथा सहुलियत उपलब्ध हुनेछ ।

**उद्योगले पालना गर्नु पर्ने शर्तहरु :-**

१) उद्योग संचालन गर्न आवश्यक पर्ने सम्पूर्ण कच्चा पदार्थ उद्योगले स्वयं व्यवस्था गर्नु पर्नेछ ।

२) उद्योगको साइनबोर्ड र लेटरप्याडमा रजिष्ट्रेशन नम्बर अनिवार्य राख्नु पर्नेछ ।

३) नावालकलाई उद्योगको काममा संलग्न गराउन पाइने छैन ।

४) छर छिमेक कसैलाई पीर मर्का बाधा नपर्ने गरी उद्योग सञ्चालन गर्नु पर्नेछ ।

५) रात्री शिफ्ट सञ्चालन गर्नु पर्ने भएमा पूर्व स्वीकृत लिएर मात्र सञ्चालन गर्न सकिनेछ ।

६) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाटै पूर्ति गर्नु पर्नेछ ।

७) उद्योगको विस्तार, विविधिकरण वा स्तर परिवर्तन गर्दा पूर्व स्वीकृत प्राप्त गर्नु पर्नेछ ।

८) उद्योग दर्ता भएको ६ महिना भित्र उद्योग सञ्चालन हनु नसकेमा म्याद थप गराउनु पर्नेछ ।

९) उद्योग सञ्चालन गर्दा वातावरण प्रदुषण हनु नदिने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

१०) तोकिएको शर्तहरु पालना नभएकोमा वा प्रदत्त सुविधा तथा सहुलियतहरु दुरुपायोग भएको पाइएमा कचनकवल गाउँपालिकाको लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७७ र कचनकवल गाउँपालिकाको लघु तथा घरेलु उद्योग दर्ता कार्यविधि २०७७ अनुसार कार्वाही गरिने छ ।

११) उद्योलले गाउँपालिकाले मागेको विवरण समयमा उपलब्ध गराउनु पर्नेछ ।

१२) उद्योग सञ्चालन गर्दा उद्योगमा भइरहेको काम कार्वाहीलाई सडकबाट नदेखिने व्यवस्था मिलाउनु पर्नेछ ।

१३) उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित उद्देश्य विपरित कार्य गर्न पाइने छैन ।

१४) यसै नामबाट यस अघि अर्को उद्योग दर्ता भै सकेको देखिएमा यस उद्योगको नाम परिवर्तन गर्नु पर्नेछ ।

१५) माथि उल्लेखित भए अनुसारका शर्तहरु पालना नगरेमा वा गाउँपालिकाले मागेको विवरण उपलब्ध नगराएमा उद्योगले पाउने सुविधा तथा सहुलियतहरु उपलब्ध गराइने छैन ।

१६. विशेष शर्त :-

(क)

(ख)

(ग)

**अनुसूचि ६**
**(दफा ७ सँग सम्बन्धित)**

**कचनकवल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बनियानी, झापा**

**आ.व. :-** **मिति :-**
**च.नं. :-**

---

**विषय :- साझेदारी उद्योग दर्ता गरिएको पत्र बारे ।**

**श्री** ..................

तापईले स्थिर पूँजी रु ........................... र चालु पूँजी रु .................... समेत कूल पूँजी रु ......................... लगानी गरी अन्दाजी बार्षिक रु .................. बराबरको ................. उत्पादन गर्ने उद्देश्यले कामदार ............... जवान राखी ............... प्रदेश .......... जिल्ला कचनकवल गाउँपालिका वडा नं. ......... मा उद्योग स्थापना गर्ने गरी ................................ को नामको साझेदारी उद्योग रजिष्ट्रेशन गरी पाउँ भनि दिनु भएको निवेदन उपर कार्यवाही हुँदा मिति ..................... को निर्णयानुसार निम्न लिखित शर्तहरु पालना गर्नु पर्ने गरी रजिष्ट्रेशन गरी दिने भनि निर्णय भएको हुँदा तपाई समेतको नाममा रजिष्ट्रेशन भएको साझेदारी उद्योग नं.......... को सक्कल प्रमाण पत्र यसै साथ संलग्न गरी पठाएको व्यहोरा जानकारी गराइएको छ ।

उद्योगले पाउने सुविधा तथा सहुलियतहरु कचनकवल गाउँपालिकाको लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७७ र कचनकवल गाउँपालिकाको लघु तथा घरेलु उद्योग दर्ता कार्यविधि २०७७ अनुसार हुनेछ ।

**उद्योगले पालना गर्नु पर्ने शर्तहरु :-**

१) उद्योग संचालन गर्न आवश्यक पर्ने सम्पूर्ण कच्चा पदार्थ उद्योगले स्वयं व्यवस्था गर्नु पर्नेछ ।
२) उद्योगको साइनबोर्ड र लेटरप्याडमा रजिष्ट्रेशन नम्बर अनिवार्य राख्नु पर्नेछ ।
३) नावालकलाई उद्योगको काममा संलग्न गराउन पाइने छैन ।
४) छर छिमेक कसैलाई पीर मर्का बाधा नपर्ने गरी उद्योग सञ्चालन गर्नु पर्नेछ ।
५) रात्री शिफ्ट सञ्चालन गर्नु पर्ने भएमा पूर्व स्वीकृत लिएर मात्र सञ्चालन गर्न सकिनेछ ।
६) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाटै पूर्ति गर्नु पर्नेछ ।
७) उद्योगको विस्तार, विविधिकरण वा स्तर परिवर्तन गर्दा पूर्व स्वीकृत प्राप्त गर्नु पर्नेछ ।
८) उद्योग दर्ता भएको ६ महिना भित्र उद्योग सञ्चालन हनु नसकेमा म्याद थप गराउनु पर्नेछ ।
९) उद्योग सञ्चालन गर्दा वातावरण प्रदुषण हनु नदिने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

१०) तोकिएको शर्तहरु पालना नभएकोमा वा प्रदत्त सुविधा तथा सहुलियतहरु दुरुपायोग भएको पाइएमा कचनकवल गाउँपालिकाको लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७७ र कचनकवल गाउँपालिकाको लघु तथा घरेलु उद्योग दर्ता कार्यविधि २०७७ अनुसार कार्वाही गरिने छ ।

११) उद्योलले गाउँपालिकाले मागेको विवरण समयमा उपलब्ध गराउनु पर्नेछ ।

१२) उद्योग सञ्चालन गर्दा उद्योगमा भइरहेको काम कार्वाहीलाई सडकबाट नदेखिने व्यवस्था मिलाउनु पर्नेछ ।

१३) उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित उद्देश्य विपरित कार्य गर्न पाइने छैन ।

१४) यसै नामबाट यस अघि अर्को उद्योग दर्ता भै सकेको देखिएमा यस उद्योगको नाम परिवर्तन गर्नु पर्नेछ ।

१५) माथि उल्लेखित भए अनुसारका शर्तहरु पालना नगरेमा वा गाउँपालिकाले मागेको विवरण उपलब्ध नगराएमा उद्योगले पाउने सुविधा तथा सहुलियतहरु उपलब्ध गराइने छैन ।

१६. विशेष शर्त :-

(क)

(ख)

(ग)

.............................

प्रमुख प्रशासकिय अधिकृत

**बोधार्थ :-**

स्थानीय राजपत्र

**अनुसूचि ७**
**(दफा ७ सँग सम्बन्धित)**

**कचनकवल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बनियानी, झापा**

उद्योग दर्ता नं. :-
आ.व. :-

**प्रमाण पत्र**

श्री .......................... उद्योग सम्बत् २० ....... साल....... महिना ...... गते रोज ....... मा साझेदारी उद्योग कचनकवल गाउंपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७७ बमोजिम रजिष्ट्रेशन गरी यो प्रमाण - पत्र दिईएको छ ।

प्रोपाइटरको नाम :-
ठेगाना :-
उद्योगको ठेगाना :-
पूँजी रु :- स्थिर पूँजी :- चालु पूँजी :-
उद्देश्य :-
बार्षिक उत्पादन क्षमता :- परिमाणमा मूल्यमा रु
विद्युत शक्ति (किलोवाट) :-

यो कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७७ र कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता कार्यविधि २०७७ को दफा अनुसार लघु / घरेलु उद्योग दर्ता गरीएको छ ।

मिति :- सही :-
पद :-

**नवीकरण गरेको प्रमाण**

| नवीकरण गर्ने कार्यालयको नाम | नवीकरण गरेको अवधि | नवीकरण दस्तुरको भौचर नं. र मिति | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

नोट :- यो प्रमाणपत्र प्रत्येक आर्थिक वर्षको आषढ मसान्तसम्म बहाल रहने छ । आर्थिक वर्ष समाप्त भएको मिति ३५ दिन भित्र अर्को आ.व.को लागि नवीकरण गराउनु पर्नेछ । यो प्रमाणपत्रमा लेखिएको उद्देश्य बाहेकको अन्य काम गर्नु हुदैन । नवीकरण गराउन ल्याउँदा यो प्रमाणपत्र साथै लिइ आउनु पर्नेछ । यहि प्रमाणपत्रमा कचनकवल गाउँपालिकाबाट नवीकरण भएको निस्सा पाउने छ । म्याद भित्र नवीकरण नभएमा कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७७ र कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता कार्यविधि २०७७ अनुसार उद्योग खारेज हुन सक्नेछ ।

**सुविधा तथा सहुलियतहरु :-**

कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७७ र कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता कार्यविधि २०७७ अनुसार पाउने सुविधा तथा सहुलियत उपलब्ध हुनेछ ।

**उद्योगले पालना गर्नु पर्ने शर्तहरु :-**

१) उद्योग संचालन गर्न आवश्यक पर्ने सम्पूर्ण कच्चा पदार्थ उद्योगले स्वयं व्यवस्था गर्नु पर्नेछ ।

२) उद्योगको साइनबोर्ड र लेटरप्याडमा रजिष्ट्रेशन नम्बर अनिवार्य राख्नु पर्नेछ ।

३) नावालकलाई उद्योगको काममा संलग्न गराउन पाइने छैन ।

४) छर छिमेक कसैलाई पीर मर्का बाधा नपर्ने गरी उद्योग सञ्चालन गर्नु पर्नेछ ।

५) रात्री शिफ्ट सञ्चालन गर्नु पर्ने भएमा पूर्व स्वीकृत लिएर मात्र सञ्चालन गर्न सकिनेछ ।

६) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाटै पूर्ति गर्नु पर्नेछ ।

७) उद्योगको विस्तार, विविधिकरण वा स्तर परिवर्तन गर्दा पूर्व स्वीकृत प्राप्त गर्नु पर्नेछ ।

८) उद्योग दर्ता भएको ६ महिना भित्र उद्योग सञ्चालन हनु नसकेमा म्याद थप गराउनु पर्नेछ ।

९) उद्योग सञ्चालन गर्दा वातावरण प्रदुषण हनु नदिने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

१०) तोकिएको शर्तहरु पालना नभएकोमा वा प्रदत्त सुविधा तथा सहुलियतहरु दुरुपायोग भएको पाइएमा कचनकवल गाउँपालिकाको लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७७ र कचनकवल गाउँपालिकाको लघु तथा घरेलु उद्योग दर्ता कार्यविधि २०७७ अनुसार कार्वाही गरिने छ ।

११) उद्योलले गाउँपालिकाले मागेको विवरण समयमा उपलब्ध गराउनु पर्नेछ ।

१२) उद्योग सञ्चालन गर्दा उद्योगमा भइरहेको काम कार्वाहीलाई सडकबाट नदेखिने व्यवस्था मिलाउनु पर्नेछ ।

१३) उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित उद्देश्य विपरित कार्य गर्न पाइने छैन ।

१४) यसै नामबाट यस अघि अर्को उद्योग दर्ता भै सकेको देखिएमा यस उद्योगको नाम परिवर्तन गर्नु पर्नेछ ।

१५) माथि उल्लेखित भए अनुसारका शर्तहरु पालना नगरेमा वा गाउँपालिकाले मागेको विवरण उपलब्ध नगराएमा उद्योगले पाउने सुविधा तथा सहुलियतहरु उपलब्ध गराइने छैन ।

१६. विशेष शर्त :-

(क)

(ख)

(ग)

**अनुसूचि ८**

**(दफा १३ को उपदफा ख सँग सम्बन्धित)**

**घरेलु उद्योग**

१. हात वा खुट्टा चलाउने र अर्धस्वाचालित तान ( ह्याण्ड लुम, पेडल लुम, सेमी अटोमेटिक लुम), कपडा बेर्ने (ऱ्यापिङ्ग), परम्परागत प्रविधिबाट गरिने रङ्गाई छपाई, सिलाई (तयारी पोशाक बाहेक) र बुनाई,

२. ऊन र रेशममा आधारित हाते बुनाईका राडी, पाखी, गलैचा, पश्मिना, पोशाक, हातेकागज र सोमा आधारित वस्तु,

३. परम्परागत कलामा आधारित वस्तु,

४. परम्परागत मूर्तिकला,

५. फलामबाट बनेको हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु

६. सुन वा चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडा वर्तनहरु ( बहुमूल्य, अर्ध बहुमल्य तथा साधारण पत्थर जडान भएका समेत)

७. जुट, सवाई घाँस, चोया, बाबियो, सुती धागो, अल्लो आदी प्राकृतिक रेशामा आधारित उद्योग,

८. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,

९. काठ, हाड तथा सिङ्ग, माटो, चट्टानका कलात्मक वस्तुहरु तथा माटाका भाँडाकुडाँ,

१०. फलफूल खेती वा प्रशोधन, व्यावसायिक तरकारी खेती

११. खाद्यवस्तुको उत्पादन र प्रशोधन तथा भण्डारण

१२. पशुपालन, पंक्षीपालन ( अष्ट्रिच समेत), मासु उत्पादन तथा प्रशोधन,

१३. दुध उत्पादन तथा दुग्ध पदार्थ प्रशोधन (दुधजन्य परिकार उत्पादन समेत)

१४. मत्स्यपालन, माछाभूरा उत्पादन, प्रशोधन एवम प्याकेजिङ

१५. कृषि उपज प्रमुख कच्चा पदार्थ हुने पशुपंक्षीको दाना उत्पादन उद्योग,

१६. चिया उद्योग, चिया प्रशोधन,

१७. मौरीपालन (मौरी प्रजनन, मह उत्पादन र प्रशोधन)

१८. पुष्प खेती, पुष्प प्रशोधन ( माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बीउ बिजन उत्पादन समेत)

१९. ड्राइक्लिनिङ्ग व्यवसाय,

२०. व्यूटी पार्लर

२१. सिलाई बुनाई (बुटिक समेत)

२२. धूप, पुतली, खेलौना उद्योगहरु

२३. माथि उल्लेखित उद्योगहरुको बार्षिक आर्थिक कारोवार पचास लाख रुपैया भन्दा कम भएको र दुई लाख रुपैयासम्म स्थिर जेथा भएका कुटीर उद्योगलाई सम्झनु पर्छ ।

स्थानीय राजपत्र

औधोगिक नीति २०६७ दफा १२ उपदफा (३) ले परिभाषित गरेको बमोजिम उद्योगलाई सम्झनु पर्छ ।

लघु उद्यम भन्नाले देहायका शर्तहरु पूरा गरेको खास गरी कृषि, वन, पर्यटन तथा खानी र हस्तकलामा आधारित उद्योग व्यवसाय वा अन्य सेवा सम्झनु पर्छ ।

- ✓ घर जग्गा बाहेक बढीमा दुई लाख रुपैयासम्म स्थीर पूँजी लगानी हुने,
- ✓ बार्षिक आर्थिक कारोबार २० लाख रुपैया भन्दा कम रहेको,
- ✓ इन्जिन उपकरण प्रयोग हुने भएमा त्यस्तो इन्जिन वा उपकरणको विद्युत मोटर तथा अन्य तेल इन्जिन शक्ति क्षमता १० किलोवाट भन्दा कम भएको,

"अन्य उद्योग" भन्नाले कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७७ को दफा ४२ बमोजिम उद्योग सञ्चालन गर्न अधिकृत पूँजी पाँच लाख रुपौयासम्मको उद्योगहरु जस्तैः फलफुल खेति, पशुपालन, कुखुरा पालन, मत्स्यपालन, तरकारी खेति, मौरी पालन, मह उत्पादन, व्यावसायिक रुपमा गरिने फलफुल तथा नगदे वालीको खेति, व्यूटीपार्लर, व्याग उत्पादन तथा अन्य उद्योग भनि सम्झनु पर्छ ।

श्रममूलक, देशको परम्परा, कला र संस्कृतिसँग सम्बद्ध खास शीप वा स्थानीय कच्चा पदार्थ र साधन परिचालन गर्ने परम्परागत किसिमको चुरोट, विडी, सिगार, खाने सूर्ती, खैनी र सूर्ति मुख्य कच्चा पदार्थ हुने यस्तै प्रकारका अन्य वस्तु उत्पादन गर्ने उद्योग, मदिरा वा वियर उत्पादन गर्ने उद्योग बाहेक हाते तान, खुट्टे तान, अर्ध स्वाचालित तान र छपाई, सिलाई ( तयारी पोशाक बाहेक), बुनाई, हाते कागज र त्यसबाट बनेको वस्तु, गहना, मूर्ति, भाँडा आदी बनाउने कार्य, मह, माटो, चिनियाँ माटोबाट भाँडा बनाउने कार्य, छाला काट्ने, सुकाउने ग्रामीण ट्यानिङ र छालाका वस्तु उत्पादन गर्ने कार्य, सनपाट, बाबियो, चोया, वेत बाँसबाट बनिने सामान, सूति धागो आदिका सामान उत्पादन, ढुङ्गामा कुँदी बनाइएका सामन, चित्रकला, पौवा, बाटिक, धुप, पुतली, खेलौना उद्योगहरुको बार्षिक आर्थिक कारोवार पचास लाख रुपैया भन्दा कम भएको र दुई लाख रुपैयासम्म स्थिर जेथा भएका कुटीर उद्योगलाई सम्झनु पर्छ ।

आज्ञाले,
कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय राजपत्र